मिति: २०६९।११।१०

बैठक संख्या- १८

आज मिति २०६९।११।१० गते धरान उपमहानगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत धरान उप.महा न.पा.

आमन्त्रित

श्री गणेशप्रसाद खतिवडा व. प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा व. कर अधिकृत

श्री सुरज श्रेष्ठ व. ईन्जिनियर

श्री रमेश शाह- व. आ.ले.प.

श्री भेषराज अधिकारी व. ले. अधिकृत

श्री राजु पोखरेल- ईन्जिनियर

श्री सुनील नेपाल- सामाजिक वि.प्र.

निर्णयहरु:

निर्णय नं. १, वडा ~~केन्द्र~~ नं. २०, २१, २२ र २३ को वडाकेन्द्र तोक्ने बारे।

मिति २०६९।२।५ को धरान र साबिक पाँचकन्या गा.वि.स. स्थित राजनितिक दलको सर्वदलिय बैठकको सहमतिमा संघिय ~~आम~~ मामिला तथा स्थानिय विकास मंत्रालयको मिति २०६९।१।३० को निर्देशन अनुसार तपसिलका वडाहरुको केन्द्र तपसिल अनुसार कायम गर्ने निर्णय गरियो।

(क) वडा नं. २० को गौरीगाउँ

(ख) वडा नं. २१ को हर्दिया

(ग) वडा नं. २१ को देउराली

(घ) वडा नं. २३ को स्कुलडाँडा उत्तर सरस्वती चोक दक्षिण

निर्णय नं. २- वडा नं. २४, २५, २६ र २७ को वडाकेन्द्र तोक्ने बारे।

संघिय मामिला तथा स्थानीय विकास मंत्रालयको मिति ~~२०~~ २०६९।८।१८ को च.नं. ६१ को पत्र अनुसार धरान उपमहानगरपालिका र साबिक विष्णुपादुका गा.वि.स.का राजनितिक दलहरुको बैठकमा भएको सहमती अनुसार समायोजन भएका नयाँ वडाहरुको केन्द्र तपसिल अनुसार कायम गर्ने निर्णय गरियो।

(क) वडा नं. २४ को- टोड्के (ख) वडा नं. २५ को- शिरिषे

(ग) ,, ,, २६ को- माछामारा (हालको गा.वि.स. भवन)

✓

निर्णय नं. ३ : १८ औं बुडासुब्बा गोल्डकपमा रकम थप गर्ने सम्बन्धमा–

आ. व. २०६९/७० को वार्षिक कार्यक्रममा बुडासुब्बा फुटबल गोल्डकप आयोजना गर्ने विनियोजित गरिएको रकम रु १५०,००० (एकलाख पचास हजार) बजेट अपुग भएको भन्नी थप माग भए अनुसार चालु ~~चा~~ कार्यक्रमको खेलकुदको रकम मध्येबाट रु १,१५००० (एकलाख पन्ध्रहजार मात्र) थप गर्ने मिति २०६९/११/१ गते बसेको सर्वदलिय बैठकको सहमती अनुसार उक्त गोल्डकपलाई थप रकम रु ११५०००/- (एकलाख पन्ध्रहजार मात्र) थप गर्ने निर्णय गरियो ।

.११/१०